"आर्थिक विकासको लागि औद्योगिक पूर्वाधार
समृद्ध नेपाल, सुखी नेपालीको आधार"

## औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको

## दमक औद्योगिक क्षेत्रमा

# चीन-नेपाल मैत्री औद्योगिक पार्क

## औद्योगिक क्षेत्र घोषणा भएको मितिदेखि शिलान्यास सम्मको

## कार्यप्रगति प्रतिवेदन

१. **औद्योगिक क्षेत्र घोषणाः**

प्रदेश १ झापा जिल्लाको कमल गाउँपालिकाको पूर्वमा झर्का स्कूलदेखि पश्चिम सम्पूर्ण नदी उकास क्षेत्र तथा दमक नगरपालिका वडा नं. १९ को रमा सामुदायिक सेवा तथा प्रकोप व्यवस्थापन समितिले संरक्षण गरेको दमक चक्रपथ पूर्वको माटाको बाँध, उत्तर दक्षिण धिमालहरुको महाराजस्थान छाडी सोको दक्षिण, दक्षिणपूर्व एवं सेतुमारी खेल मैदानको मध्यपश्चिमको उत्तर दक्षिण रतुवा नदी उकास क्षेत्र हुँदै मावा रतुवाको सम्पूर्ण नदी उकास क्षेत्र, उत्तरमा पूर्वतर्फ साविक लखनपूर गाउँ विकास समितिको खयरबारीदेखि दक्षिण सम्पूर्ण नदी उकास क्षेत्र तथा पश्चिमतर्फ दमक नगरपालिका वडा नं. १८ को नम्बरी किता पूर्वको उत्तर दक्षिणबाट सम्पूर्ण नदी उकास क्षेत्र लालधनरा मगरचोक मानव वस्तीदेखि पश्चिमको सम्पूर्ण नदी उकास क्षेत्र हुँदै दक्षिणमा गौरादह नगरपालिका खयरबारीदेखि उत्तर यी चारकिलाभित्र करिब ५०० विगाह क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्न नेपाल सरकारबाट मिति २०७२ चैत्र १ गते दमक औद्योगिक क्षेत्र घोषणा भएको हो । घोषणा भएको दमक औद्योगिक क्षेत्रको क्षेत्रफल साविकको ५०० विगाह क्षेत्रफल संशोधन गरी २१०० बिगाह क्षेत्रफल हुनु पर्ने भएको हुँदा नेपाल सरकारबाट मिति २०७२ असार ३ गते दमक औद्योगिक क्षेत्रको जग्गा क्षेत्रफल २१०० विगाह कायम भएको हो ।

२. **औद्योगिक क्षेत्र निर्माण गर्न जग्गा प्राप्तीः**

दमक नगरपालिका, गौरादह नगरपालिका र कमल गाउँपालिकाको चारकिलाभित्र रहेको जग्गा प्राप्त गर्ने सिलसिलामा नापी कार्यालय दमक र मालपोत कार्यालय दमकको सहयोगमा रतुवा नदी उकास पर्ती ऐलानी १२७५ विगाह जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा दर्ता कायम भएको छ ।पर्ती ऐलानी जग्गा चक्लाबन्दी नमिलेको सो जग्गाको आसपास रहेको व्यक्तिको नाममा दर्ता कायम रहेको रैतानी जग्गा प्राप्त गर्न जरुरी भएकोले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृतिमा जग्गा प्राप्ती ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय, झापाले २०७४ फागुण १४ गते प्रथमचरणमा ४११ विगाह र २०७६ वैशाख ९ गते दोश्रोचरणमा ३३१ विगाह समेत गरी जम्मा

७४२ विगाह निजी जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा अधिग्रहण भएको छ । अधिग्रहण भएका जग्गाको मुआव्जा वितरण गरी खरिद कार्य भइरहेको छ ।

३. **औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानी स्वीकृतिः**

औद्योगिक क्षेत्रको पूर्वाधारमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने प्रावधान औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ मा भएको हुँदा सञ्चालक समितिको निर्णय अनुसार सार्वजनिक रुपमा प्रस्ताव आह्वान गरी मूल्याङ्कन प्रक्रियाबाट छनौट भएका दमक क्लिन ईण्डष्ट्रियल पार्कलाई, दमक नगरपालिका वडा १८ र १९ भित्रको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा दर्ता कायम हुन आएको शुरुको १२० विगाह जग्गा मिति २०७३ असोज २० गते सम्झौता गरी ४० वर्षको लागि बहालमा उपलब्ध गराएको हो ।दमक औद्योगिक क्षेत्रमा सार्वजनिक-निजी-साझेदारी अन्तर्गत जग्गा बहाल-पूर्वाधार निर्माण-सञ्चालन तथा हस्तान्तरण अवधारणामा औद्योगिक पूर्वाधार निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५ असोज २८ गते बसेको बैठकबाट दमक औद्योगिक क्षेत्रको ८२२ विगाह जग्गा दमक क्लिन ईण्डष्ट्रियल पार्कलाई बहालमा उपलब्ध गराउन भएको निर्णयको आधारमा मिति २०७५ चैत्र १ गते बसेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिको निर्णय अनुसार विस्तृत परियोजना अध्ययन प्रतिवेदन तयार गरी पेश गर्न मिति २०७५ चैत्र ११ गते लिमिटेड र पार्कबीच प्रारम्भिक परियोजना सम्झौता भएको हो ।

४. **नेपालमा औद्योगिक क्षेत्र निर्माण गर्न चिनीया लगानी भित्र्याउने प्रयासः**

विश्वको आर्थिक क्षेत्रमा दोश्रो स्थान ओगटेको चीनले विशेष गरी दक्षिण एशियाका मुलुकहरु र अफ्रिकन मुलुकहरुका जनताको आर्थिक जीवनस्तर समृद्ध तुल्यानको लागि Belt and Road Initiative (BRI) को माध्यमबाट ती मुलुकहरुमा चिनीया सरकार तथा निजी क्षेत्रको आर्थिक लगानी परिचालन अथवा वृद्धी गर्ने नीतिलाई अन्तिमरुप प्रदान गर्न चीनले पहिलो पटक सन् २०१७ मे १४ र १५ मा बेजीङ्गमा आयोजना गरेको Belt and Road Initiative (BRI) अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वका विभिन्न राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरु सहभागी भएको उक्त सम्मेलनमा नेपाल सरकारको प्रतिनिधि मण्डलका साथमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष श्री नन्द किशोर बस्नेत तथा निर्देशक श्री दिलीपकुमार श्रेष्ठ र दमक क्लि ईण्डष्ट्रियल पार्कका अध्यक्ष श्री गोविन्द थापा सहभागी हुनुहुन्थ्यो । उक्त सम्मेलनमा Lhasa Economic and Technological Development Zone को लगानीमा दमक औद्योगिक क्षेत्रमा China-Nepal Friendship Industrial Park निर्माण गर्ने समझदारीपत्रमा त्रिपक्षीय हस्ताक्षर भयो । Belt and Road Initiative (BRI) को पहिलो अन्तर्राष्ट्रिय सम्मेलनमा समझदारी गरिएका प्रारम्भिक परियोजना सम्झौताका प्रगति समिक्षा गर्न चीनले सन् २०१९ अप्रिल २५ मा बेजीङ्गमा आयोजना गरेको दोश्रो Belt and Road Initiative (BRI) अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालका महामहिम राष्ट्रपतिले प्रतिनिधित्व गर्नु भएको प्रतिनिधि मण्डलका साथमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष श्री नन्द किशोर बस्नेत तथा निर्देशक श्री दिलीपकुमार श्रेष्ठ र चीन-नेपाल मैत्री औद्योगिक पार्क (डिसिआईपी) का अध्यक्ष श्री गोविन्द थापा तथा कमल गाउँपालिका उपाध्यक्ष श्री बेनु सिवाकोटी तथा स्थानीय राजनैतिक

दलका जनप्रतिनिधिहरु सहभागी हुनुहुन्थ्यो ।उक्त सम्मेलनको अन्त्यमा China-Nepal Friendship Industrial Park निर्माणको लागि Lhasa Economic and Technological Development Zone Jing-Ping Joint Creation Project Development Co. Ltd. (JPCCPD) को रू. ६४ अर्ब ४१ करोड चिनीया लगानी गर्न चीन सरकारको स्वीकृति भएको र नेपाल सरकारबाट दमक क्लिन ईण्डष्ट्रियल पार्कलाई ९४२ विगाह जग्गा उपलब्ध गराएको जानकारी सहित Lhasa Economic and Technological Development Zone, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र दमक चीन-नेपाल मैत्री औद्योगिक पार्कबीच त्रिपक्षीय समझदारी सम्पन्न भयो ।

**५. चिनीया उच्च प्रतिनिधि मण्डलद्वारा नेपाल भ्रमणः**

Belt and Road Initiative (BRI) अन्तर्राष्ट्रिय सम्मेलनपश्चात Lhasa Economic and Technological Development Zone को लगानीमा नेपालमा औद्योगिक क्षेत्र पूर्वाधार निर्माण गर्ने सिलसिलामा मिति २०७४ पौष १०-१४ गतेसम्म Mr Liu Rupeng Vice President, CPC Working Committee Lhasa Economic and Technological Development Zone (LETDZ) Chairman, LETDZ Jingkai Investment and Development Company Limited (LSJKT) Lhasa Jinzhu, West Road No 189, PR China. को नेतृत्वमा एक प्रतिनिधि मण्डलले दमक औद्योगिक क्षेत्रको भ्रमण गरेको थियो । काठमाडौंमा रहँदा उक्त प्रतिनिधि मण्डलले नेकपा (एमाले) का अध्यक्ष तथा हालका सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल सरकारको उच्च पदाधिकारीसंग भेटवार्ता गर्नु भएको थियो ।सो भेटवार्तामा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष श्री नन्द किशोर बस्नेत र चीन-नेपाल मैत्री औद्योगिक पार्कका अध्यक्ष श्री गोविन्द थापा सहभागी हुनुहुन्थ्यो ।

**६. औद्योगिक पूर्वाधार निर्माण गर्न विदेशी लगानी स्वीकृति तथा दुईपक्षीय समझदारीः**

सार्वजनिक-निजी-साझेदारी अन्तर्गत जग्गा बहाल-पूर्वाधार निर्माण-सञ्चालन तथा हस्तान्तरण अवधारणामा नेपाल लगानी बोर्डको मिति २०७६।४।१७ गते बसेको ३९ औं बैठकबाट दमक औद्योगिक क्षेत्रको जग्गामा China-Nepal Friendship Industrial Park निर्माण गर्न Lhasa Economic and Technological Development Zone Jing-Ping Joint Creation Project Development Co. Ltd. (JPCCPD) को रू. ६४ अर्ब ४१ करोड चिनीया लगानी रहने गरी दमक क्लिन ईण्डष्ट्रियल पार्कलाई सार्वजनिक–निजी साभेदारी तथा लगानी ऐन, २०७५ को दफा २८ अनुसारको विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार गर्ने गरी अध्ययन गर्न अनुमति प्रदान भयो । नेपाल लगानी बोर्डबाट लगानी स्वीकृतिपश्चात मिति २०७६।६।१६ गते (३ अक्टोवर, २०१९) का दिन नेपाल लगानी बोर्ड र दमक क्लिन ईण्डष्ट्रियल पार्क, Lhasa Economic and Technological Development Zone Jing-Ping Joint Creation Project Development Co. Ltd. (JPCCPD) र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबीच China-Nepal Friendship Industrial Park को विस्तृत परियोजना अध्ययन प्रतिवेदन तयार गर्न समभ्कदारी सम्पन्न भयो ।

७. **विस्तृत परियोजना अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनः**

सन् २०१९ को अन्त्यमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणको कारण समझदारीपत्रमा तोकिएको मितिभित्र परियोजनाको विस्तृत परियोजना अध्ययन प्रतिवेदन लगानी बोर्डमा पेश गर्न असमर्थ भयो । कोभिड-१९ संक्रमणलाई विचार गरी लगानी बोर्डले परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन पेश गर्ने म्याद २०७७ मङ्गसिर ३० गतेसम्मको लागि कायम गरेको जानकारी बोर्डको च.नं. ६८३ मिति २०७७/३/१७ गतेको पत्रबाट प्राप्त भयो ।लगानी बोर्डबाट थप गरेको म्यादसम्ममा पनि अन्तर्राष्ट्रिय हवाई उडानहरु सुचारी हुन नसकेको कारण चिनीया प्राविधिक प्रतिनिधि मण्डल नेपाल आउन सकेन । कोभिड-१९ संक्रमणको कारण विभिन्न समस्याहरु झेल्दै २०७७ मङ्गसिर २९ गते नेपाल लागनी बोर्डमा विस्तृत परियोजना अध्ययन प्रतिवेदन पेश गरियो । कोभिड-१९ संक्रमणको बाबजुद पनि यस परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन कार्यलाई भने अगाडी बढाइएको थियो । वातावरणीय प्रभाव मूल्याङ्कनको लागि विभिन्न प्रक्रियाहरु पूरा गरिसकेपश्चात वन तथा वातावरण मन्त्रालयबाट मिति २०७७ फागुण ११ गते दमक क्लिन ईण्डष्ट्रियल पार्क स्थापना गर्न वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको मन्त्रालयको च.नं. ६१३ मिति २०७७/११/१४ गतेको पत्रबाट जानकारी प्राप्त भएको छ ।

८. **चीन-नेपाल मैत्री औद्योगिक पार्कको शिलान्यासः**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिको मिति २०७७/११/८ गते बसेको बैठकको निर्णय अनुसार मिति २०७७ फागुण १० गतेदेखि लिमिटेडमातहत रहेका औद्योगिक क्षेत्रहरुको सप्ताहव्यापी शिलान्यास गर्ने स्वीकृत कार्यक्रम अनुसार मिति २०७७ फागुण १६ गते आईतवारका दिन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूबाट कमल गाउँपालिका वडा नं. ७ झर्काहस्थित दमक औद्योगिक क्षेत्रमा चिनीया लगानीमा औद्योगिक पूर्वाधार निर्माण गर्न विधिवतरुपमा भूमिपुजन गरी चीन-नेपाल मैत्री औद्योगिक पार्कको ताम्रपत्र अनवारण गरी शिलान्यास सम्पन्न भयो ।भूमिपुजन तथा ताम्रपत्र अनावरणमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय लेखराज भट्ट, औद्योगिगक क्षेत्र व्यवस्थापन लिमिटेडको अध्यक्ष श्री नन्द किशोर बस्नेत र पार्कको अध्यक्ष श्री गोविन्द थापाले सहजीकरण गर्नु भयो । शिलान्यास समारोहमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय वसन्त नेम्बाङ्ग, प्रदेश १ को मूख्यमन्त्री माननीय शेरधन राई, प्रदेश १ प्रमुख माननीय सोमनाथ प्यासी, संविधानसभाका अध्यक्ष सम्मानीय सुवास नेम्बाङ्ग, पूर्वमन्त्रीहरु, महान्यायाधिवक्ता माननीय अग्नि प्रसाद खरेल, नेपाल सरकारका सचिवहरु,  लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशिल भट्ट र राजनैतिक दलका नेताहरु लगायत विशाल जनसमुदायहरु उपस्थित भएका थिए । शिलान्यास कार्यक्रमको प्रत्यक्ष श्रव्य-दृष्यमार्फत Lhasa Economic and Technological Development Zone Jing-Ping Joint Creation Project Development Co. Ltd. (JPCCPD) का प्रतिनिधिहरु समक्ष प्रसारण गरिएको थियो भने Lhasa Economic and Technological Development Zone को सभाहलमा उपस्थित चिनीया प्रतिनिधिहरुले पनि प्रत्यक्ष प्रसारणमार्फत शिलान्यास कार्यक्रम हेर्दै शुभकामना व्यक्त गरेका थिए ।शिलान्यास

समारोहलाई सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले सम्बोधन गर्नु भयो । सो अवसरमा औद्योगिक पार्कको पूर्वाधार शिघ्र निर्माण गरी उद्योग प्रबर्द्धन गर्न र नेपालीहरुलाई रोजगारी उपलब्ध गराउन अनुरोध गर्नु भयो । सोही अवसरमा प्रधानमन्त्रीले नेपालमा औद्योगिक पूर्वाधार निर्माण गर्न चिनीया मित्रहरुले गर्नु भएको सहयोगप्रति धन्यवाद व्यक्त गर्नु भयो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय लेखराज भट्टले शुभकामना मन्तव्यमा आर्थिक समृद्धीको लागि मेरुदण्डको रुपमा रहेको औद्योगिक क्षेत्रहरु निर्माण गर्न नेपाल सरकारले घोषणा गरेका ६ वटा औद्योगिक क्षेत्रहरुमध्ये कञ्चनपुरको दैजी-छेला, बाँकेको नौवस्ता, मकवानपुरको मयूरधाप औद्योगिक क्षेत्रलगायत दमक औद्योगिक क्षेत्रमा आज चीन-नेपाल औद्योगिक पार्कको शिलान्यास सम्पन्न भएको र छिट्टै नै रुपन्देहीको मोतिपुर औद्योगिक क्षेत्रको शिलान्यास हुने जानकारी गराउनु भयो ।औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडक अध्यक्ष श्री नन्द किशोर बस्नेतले शिलान्यास समारोहमा नेपाल सरकारबाट घोषणा भएका औद्योगिक क्षेत्रहरुमध्ये दमक औद्योगिक क्षेत्र र मोतिपुर औद्योगिक क्षेत्र निजी क्षेत्रबाट निर्माण गरिने र दैजी-छेला, नौवस्ता, मयूरधाप औद्योगिक क्षेत्र नेपाल सरकारको प्राविधिक तथा आर्थिक लगानीबाट निर्माण गर्न बहुवर्षिय आयोजना र बजेट सुनिश्चतताको लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश भएको र अबको ५ वर्षभित्र पूर्वाधार निर्माण गरी उद्योगहरु प्रबर्द्धन गरिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।चीन-नेपाल औद्योगिक पार्कका अध्यक्ष श्री गोविन्द थापाले सम्पूर्ण अतिथीहरुलाई स्वागत गर्नु हुँदै औद्योगिक क्षेत्रको लागि स्थानीयवासीहरुले आ-आफ्नो जग्गा उपलब्ध गराएर जुन गुण लगाउनु भएको छ त्यसको लागि धन्यवाद व्यक्त गर्नु हुँदै उनीहरुको आर्थिक समृद्धीको लागि औद्योगिक पार्कले टेवा र योगदान गर्ने प्रतिवद्धता गर्नु भयो ।सो अवसरमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय वसन्त नेम्बाङ्गले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा गठित वर्तमान सरकार, सडक तथा पुलपुलेसा लगायत औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्दै समृद्ध नेपाल सुखी नेपालीको नारा सफल तुल्यान विकास यात्रामा लागेको धारणा व्यक्त गर्नु भयो ।